बलवा नगरपालिका

Balwa Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

बलवा, महोत्तरी

Balwa, Mahottari

मधेश प्रदेश,नेपाल

Madhesh Province,Nepal

पत्र संख्या (Letter No.). :२०८१/०८२

चलानी नं. (Ref No.) :-

मिति (Date):- २०८२/०२/२५

विषयः- सूचना सम्वन्धमा ।

दोश्रो-पटक सूचना

उपरोक्त सम्वन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको हाटबजार शुल्क (विरौटी कर) संकलन गर्न समेत व्यवस्था गर्न आ.व.२०८१/०८२ को अषाढ महिना देखि आ.व. २०८२/०८३ को जेष्ठ मसान्त सम्म १ (एक) वर्षको निजि आन्तरिक आय संकलन, ठेक्का बन्दोबस्त सम्वन्धी शिलबन्दी बोलपत्र आवहान सुचना सो ऐन नियम बमोजिम इच्छुक व्यक्ति, फर्म, वा कम्पनीहरुबाट तोकिएका शर्तहरुको अधिनमा रही रित्त-पुर्वक शिलबन्दी बोलपत्र आजको मिति देखि १५ (पन्द्रह) दिन भित्र दाखिला गर्न यो सुचना आवहान गरिएको छ ।

| क्र.सं. | हाट-बजारको नाम | साबिक रकम रु. | १०% थप रकम रु. | हाल कायम न्युनतम रकम रु. | बोलपत्र रकम रु. |
|---|---|---|---|---|---|
| १. | बन्चौरी बजार बलवा न.पा.-०१ | - | - | ७५,०००/- | १,५००/- |
| २. | पडौल बजार बलवा न.पा.-०३ | ३,३८,०००/- | ३३,८००/- | ३,७१,८००/- | १,५००/- |
| ३. | तिलगढ बजार बलवा न.पा.-०४ | २०,०००/- | - | २०,०००/- | १,५००/- |
| ४. | धमौरा बजार बलवा न.पा.-१० | ३,८०,०००/- | ३८,०००/- | ४,१८,०००/- | १,५००/- |
| ५. | भगवतीपुर बजार बलवा न.पा.-११ | ५०,०००/- | - | ५०,०००/- | १,५००/- |

शर्तहरु :

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रह) दिन भित्र कार्यालय समयभित्र उल्लेखित बोलपत्र दस्तुर वापत रकम र टिकट वापत रु. १५/- (पछी फिर्ता नहुने गरी) तिरी यस कार्यालयवाट बोलपत्र फारम खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको बोलपत्र फारममा उल्लेख भएका सबै विवरणहरु प्रस्टसंग अध्ययन गरी अंक र अक्षर प्रस्ट हुने गरी बोलपत्र फारम भरी प्रत्येक पानामा सहिछाप गरी शिलबन्दी गरी खाम वाहिर सुचनामा उल्लेख भएका ठेक्का क्र.सं. ठेक्काको नाम विवरण र प्रेषकको नाम तथा ठेगाना प्रस्टसंग लेखि १६ (सोर्हौ) दिन दिनको १०:०० बजे देखि १२:०० बजे सम्ममा टेण्डर दर्ता गराई सक्नुपर्नेछ र दिनको २:००(दुई) बजे नगरकार्यपालिकाको कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको उपस्थितिमा र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । उक्त समयमा बोलपत्र दाता वा निजका प्रतिनिधि उपस्थिति नभएमा पनि रितपूर्वक बोलपत्र खोलिने कार्यमा बाधा पर्ने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

# बलवा नगरपालिका

Balwa Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

बलवा, महोत्तरी

Balwa, Mahottari

मधेश प्रदेश,नेपाल

Madhesh Province,Nepal

३. प्रत्येक ठेक्काको छुटाछुटै बोलपत्र फारम खरिद गर्नुपर्नेछ ।

४. म्याद नाघी वा रित नपुग प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

५. शिलवन्दी बोलपत्र फारम साथ आफुले कबोल गरेको ठेक्का रकम अंकको नेपाली नागरिक भए ५% र विदेशी नागरीक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको १२७०१००३०३००००२ को धरौटी खातामा दाखिला गरेको सक्कल बैंक भौचर संलग्न राखुपर्नेछ, धरौटी रकम बोलपत्र साथ नगद खामी आएमा नगरपालिका जिम्मेवारी हुने छैन र सो बोलपत्र अमान्य हुनेछ । पछी कुनै उजुर वाजुर लाग्ने छैन ।

६. बोलपत्र फारम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पस्ट हुने उल्लेख भएको हुनु पर्नेछ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिनेछ ।

७. ठेक्का वापत नेपाल सरकारलाई बुझाउनु पर्ने कर दस्तुर ठेक्कावालाले बुझाउनु पर्नेछ र सो को प्रमाण अनिवार्य रुपले कार्यालयमा पेश गर्नु पर्नेछ ।

८. वजारहरुको किस्ता रकम ३ (तिन) किस्तामा रकम दाखिला गर्नु पर्नेछ र धनजमानी समेत राखु पर्नेछ ।

९. हाटवजारको हकमा ठेक्का अवधि २०८२ साल असाढ महिना देखि २०८३ साल जेष्ठ मसान्त सम्म १ (एक) वर्ष हुनेछ ।

१०. ठेक्का स्वीकृत भई कार्यालयले मांग गरे बमोजिमको किस्ता रकम दाखिला गरी सम्झौत्ता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ ।

११. ठेक्का सम्झौत्ता गरेपछि सम्झौत्तामा तोकिएको मितिबाट १ (एक) वर्षको लागि मात्र ठेक्का संचालन गर्न पाइनेछ ।

१२. यसमा उल्लेख भएका कुराहरुमा सोहि बमोजिम र यसमा उल्लेख नभएका कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, आर्थिक ऐन २०५५ र ततः सम्बन्धमा नियमावली २०५६ र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१३.उल्लेखित मितिमा विभिन्न कारणवस विदा परेमा सो दिनको भोलिपल्ट ठेक्का सम्वन्धि कामकाज संचालन हुनेछ ।

१४. पर्न आएका बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई सम्पूर्ण अथवा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

१५.बोलपत्र सम्वन्धी अन्य केहि कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको मो.नं. ९८५४०२९९२९ र ९८५४०२७८०३ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

.............................

रमेश अधिकारी

प्रमुख प्रशासकीय अधिकृत